# प्रदेश लोक सेवा आयोग
## गण्डकी प्रदेश, पोखरा

## प्रदेश निजामती सेवा एघारौं तहका पदहरूको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३२३/२०८१-०८२** **मितिः-२०८१/१०/०९**

प्रदेश निजामती सेवाका एघारौं तहका कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/११/१५ गते सम्ममा दरखास्त दिनु हुन सूचना गरिन्छ । जेष्ठताको गणना गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ६५ बमोजिम हुनेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.gandaki.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाइ सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

## उम्मेदवारहरूले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरूः

१. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १९ र दफा ३३ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनुपर्ने (यसका लागि सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखबाट प्रमाणित गरिएको कागजात पेश गर्नु पर्ने) ।

२. दरखास्त फाराम भर्दा निजामती किताबखाना वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने।

३. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्ने।

४. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनु पर्ने। दरखास्त फाराम भर्दा मूल्याङ्कनको लागि गणना हुने पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कन पेश गरेको कार्यालयको नाम, हालको श्रेणी/तहमा अध्ययन बिदा र तालिम लिएको भए सो अवधि तथा गयलकट्टी भएको भए सो समेतको विवरण र गण्डकी प्रदेशमा समायोजन भएको पत्र पेश गर्नुपर्ने।

५. कार्यक्षमताको आधारमा हुने बढुवाका आधारहरू गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६ बमोजिम हुने।

६. बढुवाको लागि हुने न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३२, दफा ३८ (४) र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ५७, ५८ र ६५ बमोजिम हुनुपर्ने।

७. बढुवा सम्बन्धी अन्य व्यवस्था गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ बमोजिम हुने।

८. स्वास्थ्य सेवाको हकमा व्यावसायिक परिषद्को प्रमाणपत्र आवश्यक पर्ने पदमा दरखास्त दिने उम्मेदवारहरुले अनिवार्य रुपमा आफ्नो सेवा, समूहसम्बन्धी व्यावसायिक परिषद्मा दर्ता भै म्याद कायम रहेको हुनुपर्नेछ।

### गण्डकी प्रदेश निजामती सेवाका एघारौं तहको पदमा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| १. | ८४/२०८१-८२ | प्रदेश इन्जिनियरिङ, सिभिल, हाइवे/जनरल | १ |
| २. | ८५/२०८१-८२ | प्रदेश कृषि, ला.पो.डे.डे/भेटेरिनरी/मत्स्य | १ |

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह, | पद संख्या |
|---|---|---|---|
| ३. | ८६/२०८१-८२ | प्रदेश वन, जनरल फरेष्ट्री | १ |
| ४. | ८७/२०८१-८२ | प्रदेश शिक्षा, शिक्षा प्रशासन | १ |
| ५. | ८८/२०८१-८२ | प्रदेश स्वास्थ्य, प.हे.ए. | १ |
| ६. | ८९/२०८१-८२ | प्रदेश स्वास्थ्य, ज.हे.स. | १ |

**दरखास्त दस्तुरः** रु. २५००/- (दुईहजार पाँचसय रुपैया)

**दरखास्त दस्तुर बुझाउने स्थानः** राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००१००२०००१००००

**कार्यालय कोडः** २१०००३९०१४ (प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश)


**थप जानकारीका लागि**

**प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा**

**सम्पर्कः** ०६१-४६७८७३

Website:- **http://ppsc.gandaki.gov.np** **E-mail:** gandakipsc2076@gmail.com


प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश